नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :........................

## प्रेस विज्ञप्ति

आज मिति २०७४ -१२-१२ गते सोमबारका दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा यस कार्यालयका सचिव श्री प्रेमकुमार राईज्यूको अध्यक्षतामा आगामी शैक्षिक सत्र २०७५ मा विद्यार्थीहरूलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायका पदाधिकारीहरूको बैठक बस्यो। सो बैठकबाट देहाय बमोजिमका निर्णयहरू भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति प्रकाशित गरिएको छः

**निर्णयहरूः**

१. आगामी शैक्षिक सत्र २०७५ को शुरुवातमा नै सामुदायिक विद्यालयका विद्यार्थीहरुले पाठ्यपुस्तक पाउने सुनिश्चतताका लागि कक्षा १ देखि ५ सम्मको हकमा जनक शिक्षा सामग्री केन्द्र लि. र निजी प्रकाशन संस्थाले र कक्षा ६ देखि १० को हकमा जनक शिक्षा सामग्री केन्द्र लि. ले आगामी चैत्र २५ गते भित्रै जिल्ला सदरमुकाममा पाठ्यपुस्तक पुऱ्याउने।

२. आगामी शैक्षिक सत्र २०७५ देखि कक्षा १ देखि ५ को पाठ्यसामग्री रंगिन हुने बारेमा सम्बन्धित विक्रेता र विद्यार्थी एवं अभिभावकलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत जानकारी गराउने।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् शैक्षिक सत्र २०७५ मा १ देखि १० सम्मको पाठ्यपुस्तक निःशुल्क उपलव्ध गराउन वित्तिय अनुदान हस्तान्तरण अन्तर्गत देशै भरिका ७५३ स्थानीय तहहरुमा रकम निकासा भैसकेकोले सवै स्थानीय तहले आफू अन्तर्गतका सवै सामुदायिक विद्यालयहरुलाई सो रकम उपलव्ध गराइ समयमै पाठ्यपुस्तक खरीद गर्ने ब्यवस्थालाई सहज बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सवै स्थानीय तहलाई जानकारी गराउने।

४. आगामी शैक्षिक सत्रमा पाठ्यपुस्तक सहजरुपमा सबै जिल्लामा उपलब्ध गराउने कार्यको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अनुगमन गरी यस कार्यलाई प्रभावकारी बनाउने।

उक्त बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री मधुप्रसाद रेग्मी, यस कार्यालयका सहसचिवहरू, शिक्षा विभागका महानिर्देशक, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक, जनक शिक्षा सामग्री केन्द्रका प्रमुख र साझा प्रकाशनका अध्यक्ष तथा महाप्रवन्धक लगायतको उपस्थिति रहेको थियो।

**२०७४ साल चैत्र १२ गते**

**बिनोदबहादुर कुँवर**

**प्रवक्ता/सहसचिव**

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np